आज मिति २०७४ चैत्र १३ गते मंगलवार बिहान ७:३० बजे प्रमुख श्री सुनिल प्रजापतिज्यूको अध्यक्षतामा भक्तपुर नगरपालिका, नगर कार्यपालिकाको बोर्ड बैठक भनपा वडा नं. २ स्थित नयाँ भवन व्यासीमा निम्न उपस्थितिमा बसी निम्न विषयमा छलफल र निर्णय गरियो :

***उपस्थिति***

१. प्रमुख श्री सुनिल प्रजापति

२. उप-प्रमुख श्री रजनी जोशी

३. वडाध्यक्ष श्री श्याम कृष्ण खत्री

४. वडाध्यक्ष श्री हरि प्रसाद बासुकला

५. वडाध्यक्ष श्री राज कृष्ण गोरा

६. वडाध्यक्ष श्री कुमार चवाल

७. वडाध्यक्ष श्री प्रेम गोपाल कर्माचार्य

८. वडाध्यक्ष श्री हरिराम सुवाल

९. वडाध्यक्ष श्री उकेश कवां

१०. वडाध्यक्ष श्री महेन्द्र खायमली

११. वडाध्यक्ष श्री रविन्द्र ज्याख्व

१२. वडाध्यक्ष श्री लक्ष्मी प्रसाद ह्यौंमिखा

१३. नगर कार्यपालिका सदस्य श्री रोशन मैया सुवाल

१४. नगर कार्यपालिका सदस्य श्री छोरी मैया सुजखु (प्रजापति)

१५. नगर कार्यपालिका सदस्य श्री सुनिता प्रजापति (अवाल)

१६. नगर कार्यपालिका सदस्य श्री सरिना ह्योला

१७. नगर कार्यपालिका सदस्य श्री कृष्ण लक्ष्मी दुवाल

१८. सदस्य सचिव श्री रोहित राज पोखरेल

**विषयहरु :-**

१. अनुगमन समिति गठनबारे ।

२. खानेपानी वितरणबारे ।

३. प्रशिक्षक नियुक्तिबारे ।

४. पेश्की फछ्र्यौटबारे ।

५. दम,खोकीको फिजियोथेरापीको लागि भवन निर्माण गर्न जग्गा व्यवस्थापनबारे ।

६. विविध ।

**निर्णयहरु :**

१. भक्तपुर नगरपालिकाको क्षेत्राधिकारभित्र पर्ने निम्न कार्यहरुको अनुगमन गर्न देहाए बमोजिमका पदाधिकारीहरु रहने गरी देहाय बमोजिम समितिहरु गठन गर्ने निर्णय गरियो :

**१. विद्यालय अनुगमन समिति**

संयोजक : उकेश कवां

सदस्य : रविन्द्र ज्याख्व

सदस्य : प्रेम गोपाल कर्माचार्य

सदस्य : योगेन्द्रमान बिजुक्छें

सदस्य : तीर्थलक्ष्मी धन्छा

सदस्य सचिव : रुद्र शर्मा पौडेल

**२. सहकारी संस्था अनुगमन समिति**

संयोजक : हरि प्रसाद बासुकला

सदस्य : हरि रत्न गोर्खाली

सदस्य : श्याम सुन्दर मातां

सदस्य : जितेन्द्र मुनंकर्मी

सदस्य : रञ्जना त्वाती

सदस्य सचिव : गणेशलाल फोजु

**३. बजार अनुगमन समिति**

संयोजक : राजकृष्ण गोरा

सदस्य : रोशन मैया सुवाल

सदस्य : हरि राम सुवाल

सदस्य सचिव : दिलिप कुमार सुवाल

**४.स्वास्थ्य स्वयंसेविका परिचालन समिति**

संयोजक : रविन्द्र ज्याख्व

सदस्य :  छोरीमैया सुजखु (प्रजापति)

सदस्य : सुनिता प्रजापति (अवाल)

सदस्य सचिव : डा. रत्न सुन्दर लासिवा

ख. भक्तपुर नगरपालिका क्षेत्रभित्र नयाँ भवन निर्माण एवं सडक मापदण्ड पुनरावलोकनका लागि आवश्यक गृहकार्य गर्न देहाए बमोजिमको एक कार्यदल गठन गर्ने निर्णय गरियो :

संयोजक : रजनी जोशी

सदस्य : उकेश कवां

सदस्य : श्याम कृष्ण खत्री

सदस्य : राम गोविन्द श्रेष्ठ

सदस्य सचिव : ओमहरि था श्रेष्ठ

२. भक्तपुर नगरमा सुख्खायामसंगै खानेपानी अभावलाई ध्यानमा राखेर काठमाण्डौ उपत्यका खानेपानी लिमिटेड भक्तपुर शाखासँग समन्वय गरेर यही २०७४ चैत्र १५ गतेदेखि व्यवस्थित रुपमा ट्यांकर मार्फत खानेपानी वितरण गर्ने निर्णय गरियो ।

३. भक्तपुर नगरपालिकाद्वारा संचालन गरिने निम्न बमोजिमका तालिमहरु संचालनका लागि देहाय अनुसार प्रशिक्षकहरु नियुक्ति गर्ने निर्णय गरियो :

रञ्जना र प्रचलित लिपि : आश कुमार चिकंबन्जार

काष्ठकला : विष्णुभक्त कुसी

च्याउ खेती : सुमन महर्जन

**४. पेश्की फछ्र्यौट सम्बन्धमा छलफल हुंदा निम्न अनुसार गर्ने निर्णय गरियो :**

**क) क्रमागत पेश्की फछ्र्यौट**

| क्र.सं | योजनाको बिवरण | वडा नं | ल.ई.रकम | रि.ल.ई. रकम | मूल्यांकंन | खुद खर्च | पेश्की | भुक्तानी दिनुपर्ने | बजेट | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | महाकाली पीठस्थित महाकाली भजन घर (सत्तल) पुन: निर्माण | ५ | ५,८५४,७०९।३६ | | १,५६९,८२९।०० | | १,०००,०००।०० | ४८७,४१५।०० | आर्थिक□ सामाजिक | १५००००० ।०० थप पेश्की दिनुपर्ने |
| २ | लान्चापल्लीदेखि तुमचो दुगुरे बाटो निकास | १० | ७१०,५५८।९० | | ७१२,६९८।७५ | ७१०,५५८।९१ | ७८५,०००।०० | | न.पा. बजेट | ६५,७१८।७७ बढी रकम दाखिला |
| ३ | भक्तपुर अस्पतालदेखि ठिमी बसपाकसम्मको पीच | १ | ४५५,८५०।८५ | | ४८७,२७७।३८ | ४५१,४०५।७५ | १५०,०००।०० | ३०१,४०५।७५ | सडक बोर्ड | पेश्की फछ्र्यौट |
| ४ | असगाल बाटो ढलान गरी सुधार कार्य | १ | ४३६,९३२।६३ | | ५०६,४९५।१३ | ३३९,५७१।०० | १५०,०००।०० | ११४,५७१।०० | वडा बजेट | पेश्की फछ्र्यौट |

**ख) उपभोक्ता समिति अनुमोदन**

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १ | नेपाल बिद्युत प्राधिकरण उत्तरतर्फको शौचालय सुधार कार्य | १ | ७४७,१९४।५६ | श्री रमेश न्याईच्याईको अध्यक्षतामा उपभोक्ता समिति | | | श्री बिश्वराज सिल्पकारको संयोजकत्वमा अनुगमन समिति | |
| २ | जेला इनार पुन:निर्माण कार्य | ८ | ५८७,१८२।७८ | श्री कृष्ण प्रसाद कोजूको अध्यक्षतामा उपभोक्ता समिति | | | श्री राम सुन्दर खायमलीको संयोजकत्वमा अनुगमन समिति | |
| ४ | हनुमन्ते खोलाको माटो निकाल्ने | ८ | २१,५२,४४०।१० | श्री रामेश्वर प्रजापतिका अध्यक्षतामा उपभोक्ता समिति | | | श्री महेन्द्र खायमलीको संयोजकत्वमा अनुगमन समिति | |
| २ | मिसामी तं ढल निकास (उ.स.ग.म्याद थप) | १ | ५२५,२२०।०५ | | | | २००,०००।०० | म्याद थप २०७५।३।२८ गतेसम्ममा सम्पन्न हुने गरी |

**५. भक्तपुर नगरपालिकाद्वारा संचालित जनस्वास्थ्य केन्द्र अन्गर्तत श्वास प्रश्वास सम्बन्धी रोगीहरुलाई फिजियोथेरापी उपचारका लागि तुमचो दुगुरे जग्गा एकीकरण आयोजनाको उपयुक्त स्थानमा जग्गा व्यवस्था गरी जापानी सहयोग संस्था (जाइका) लाई भवन निर्माण गर्न अनुमति प्रदान गर्ने निर्णय गरियो ।**

६. विविध विषयमा छलफल हुंदा निम्नानुसार गर्ने निर्णय गरियो :

क. भक्तपुरको प्रसिद्ध विस्केट जात्रालाई शान्तिपूर्ण र मर्यादित रुपमा संचालन गर्न जात्राको मुख्य स्थल टौमढी, ल्होसिंख्य लगायतका स्थानमा १६ थान सीसी क्यामेरा र सामग्रीहरु खरिद गरी महानगरीय प्रहरी परिसर, भक्तपुरलाई हस्तान्तरण गर्ने निर्णय गरियो ।

ख. भक्तपुर नगरपालिका क्षेत्रका सामुदायिक विद्यालयका पूर्व प्राथमिक तहका शिक्षक-शिक्षिका एवं नगरपालिकाद्वारा संचालित शिशु स्याहार केन्द्रका शिक्षिकाहरुलाई तालिम संचालनका लागि नगर शिक्षा समितिका सदस्यहरु हिमालयश्वरलाल मूल र जानकी बासकुलाले प्रस्तुत गर्नु भएको प्रस्ताव अनुसार तालिम संचालनको व्यवस्था गर्न निजहरुलाई नै जिम्मेवारी दिने निर्णय गरियो ।

ग. विभिन्न समितिको देहाय बमोजिमको निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो :

<u>युवा तथा खेलकुद समिति :</u>

मिति २०७४।१२।१२ गते बसेको युवा तथा खेलकुद समितिको निम्न निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो :

क. टिम, क्लव, पुस्तकालय वाचनालयहरुलाई बोलाई आवश्यक छलफल गर्ने निर्णय गरियो ।

<u>कृषि समिति :</u>

मिति २०७४।१२।८ गते बसेको कृषि समितिको निम्न निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो :

क. भक्तपुर नगरपालिका अन्तर्गत कृषि समितिको आयोजनामा गर्न लागेको च्याउ खेती तालिम मिति २०७४।१२।२३ गतेदेखि चैत्र २५ गतेसम्म भ.न.पा. कक्षमा गर्ने निर्णय गरियो ।

ख. उक्त च्याउ खेती तालिम संचालन गर्नको लागि प्रशिक्षकमा श्री सुमन महर्जनलाई निमन्त्रणा गर्ने निर्णय गरियो ।

ग. च्याउ खेती तालिम संचालन गर्नको लागि कृषि समितिका सदस्य श्री सुनिता प्रजापति (अवाल) को नाममा पेश्की रु.७५,०००।- (अक्षरेपी रु. पचहत्तर हजार) माग गर्ने निर्णय गरियो ।

घ. इन्द्रेणी बचत तथा ऋण सहकारी संस्था लि. को निवेदन अनुसार किटनाशक (विषादी) औषधी बाहेक मल र बीउ विजनको स्वीकृति दिनको लागि बोर्ड बैठकमा पेश गर्ने निर्णय गरियो ।

ङ. यस कार्यालयको बा ३ च ८७७ नं. को पिकअप गाडी मर्मतको लागि चालक विकास दुमरुबाट पेश भएको बील अनुसार रु.७९,२००।- को अनुमानित लागत स्वीकृति गरी मर्मत गराउने निर्णय गरियो ।

च. यस कार्यालयको बा १ क ८१५६ नं. को एक्साभेटरको आईडल एसेम्बली फेर्नुपर्ने भनी चालक राजेन्द्र कोजुबाट पेश भएको भ्याट बाहेक रु.१,००,०००।- को अनुमानित लागत स्वीकृति गरी आईडल एसेम्बली फेर्न लगाउने निर्णय गरियो ।

छ. यस कार्यालयको लागि जग्गा खरिद गर्न लिखत लेखाए वापत रु.५,०००।- पारिश्रमिक लक्ष्मी प्रसाद लवजुलाई दिने निर्णय गरियो ।